✓ मत्स्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

मत्स्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७५

(प्रदेश सरकारको मिति २०७५/१०/०१ को निर्णयबाट स्वीकृत)

पृष्ठभुमीः

मत्स्य पालन नेपालको प्रमुख नगदे बालीको रुपमा स्थापित भएको छ । यसले नेपालको कुल गार्हस्थ उत्पादनमा एक प्रतिशत तथा कृषि क्षेत्रको गार्हस्थ उत्पादनमा तीन प्रतिशतले योगदान पुर्याएको छ साथै तराई, मध्य पहाड तथा हिमाली क्षेत्रमा समेत बिभिन्न किसिमका मत्स्य पालन क्रमशः बिस्तार हुदै गएको छ ।नेपालमा करिब ११ हजार हेक्टर जलाशय क्षेत्रफलमा मत्स्य पालन भैरहेको र प्राप्त तथ्याङ्क अनुसार यस प्रदेश नं. १ अन्तर्गत करिव १५०० हेक्टर जलाशय क्षेत्रफलमा माछा पालन भैरहेको देखिन्छ ।माछापालन व्यवसाय प्रति आम कृषक समुदाय तथा युवा जनशक्तीहरुको चाहना बढ्न थालेकाले राज्यको तर्फबाट थप प्रोत्साहन सहित स्वरोजगार सृजना एव बेरोजगार युवाहरुलाई रोजगार प्रदान गर्दै मानव स्वास्थ्यको लागि आवश्यक पर्ने प्राणी प्रोटिनको आपुर्ती गरी बढ्दो कुपोषणलाई समेत न्युनिकरण गर्नमा सघाउ पुर्याउनुका साथै बहिर्गमित अर्थतन्त्रलाई बिस्थापित गर्न सकिने कुराको हेक्का राखी यस कार्यक्रमलाई सहज, सरल, प्रभावकारी र पारदर्शी रुपले संचालन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५को दफा ३(१) को अधिकार प्रयोग गरि प्रदेश सरकारबाट मत्स्य उत्पादन कार्यक्रम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ लागू गरिएको छ।

परिच्छेद १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम " मत्स्य उत्पादन कार्यक्रम कार्यबिधि २०७५ ", रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः बिषय र प्रसंगले अर्को अर्थ नलागेमा

(१) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ ।

(२) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्दछ ।

(३) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्रलाई सम्झनु पर्दछ ।

(४) "सम्बन्धीत कार्यालय" भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय; पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुलाई समेतलाई जनाउँछ ।

(५) "कार्यक्रम" भन्नाले मत्स्य उत्पादन कार्यक्रमलाई सम्झनु पर्दछ ।

(६) "साझेदार" भन्नाले कार्यक्रम संचालनका लागि तोकिएको शर्तहरु पालन गर्ने गरी साझेदारी गर्न तयार व्यवसायिक संघ/संगठन र सहकारी संस्थाहरुलाई सम्झनु पर्दछ ।

(७) "साझेदारी" भन्नाले कार्यक्रम संचालनका लागि अख्तियार प्राप्त कार्यालय र साझेदारका विच द्विपक्षिय/वहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाउँदछ ।

प्रदेश सरकार मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

(८) "अनुदानग्राही" भन्नाले कार्यक्रम कार्यान्वयनका सन्दर्भमा अनुदान प्राप्तिका लागि छनौट भै द्विपक्षिय/बहुपक्षिय सम्झौता भएका साझेदार भन्ने बुझ्नु पर्दछ ।

(९) "द्विपक्षिय/बहुपक्षिय सम्झौता" भन्नाले सम्बन्धित कार्यालय र साझेदारका बिच कार्यक्रम सम्पन्न गर्नको लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

(१०) "प्रस्तावक" भन्नाले अनुदान कार्यक्रममा भाग लिने उद्देश्यले प्रस्ताव पेश गर्ने व्यवसायीक निजी कृषक/उद्यमी सहकारी संघ/संस्था व्यावसायिक संघ/संगठन, संघ/ संगठन तथा समेतलाई जनाउँदछ ।

(११) "प्रस्ताव" भन्नाले सम्बन्धित कार्यालयले कार्यक्रम कार्यान्वयन गर्ने सिलशिलामा जारी गरेको सार्वजनिक सूचना मुताविक प्रस्तावकले निर्धारित ढाँचामा तयार गरि पेश गरेको अवधारणा पत्र र अन्य आवस्यक कागजातहरुलाई समेत जनाउँदछ ।

(१२) "प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति" यसै कार्यविधिको दफा ८ उपदफा ४ बमोजिम गठन भएको समितिलाई जनाउँदछ ।

(१३) "समन्वय,अनुगमन तथा मूल्याङ्कन समिति" भन्नाले यसै कार्यविधिको दफा ११ उपदफा ५ बमोजिम गठन भएको समितिलाई जनाउँदछ ।

३. उद्देश्यः

मत्स्य पालनको क्षेत्र बिस्तार गरी प्रदेश स्तरमा मत्स्य उत्पादन बढाई प्रदेशलाई आत्मनिर्भर गराउनुका साथै पौष्टिक आहाराको उपलब्धता बृद्धी गर्ने र माछाको बढ्दो आयातलाई क्रमशः न्युनिकरण गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने ।

परिच्छेद २

कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

३. अनुदान प्राप्त गर्न सक्ने निकायहरु (साझेदार निकायहरु)

(१) व्यवसायीक निजी कृषक/उद्यमी

(२) कृषक समुह/समिति

(३) सहकारी संघ/संस्था

(४) फर्म, कम्पनी

(५) व्यावसायिक संघ/संगठन,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

४. अनुदान रकम उपयोग गर्न सकिने कार्यहरु

(१) नयाँ माछापोखरी निर्माण

(२) पुरानो पोखरी मर्मत संभार

५. कार्यक्रम संचालन हुने जिल्लाहरु

(१) मत्स्य पालनका लागि संभावित र उपयुक्त सबै जिल्लाहरुमा संचालन हुनेछ ।

६. कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व

(१) कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट अनुगमन र ,सम्झौता , भुक्तानि सम्बन्धिजिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(२) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र उच्च गुणस्तर सहित सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(३) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

(४) अनुदानग्राहीले कार्यक्रम संचालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

७. कार्यक्रम कार्यान्वयन प्रकृया

यो कार्यक्रम देहाय बमोजिम संचालन गरिनेछ ।

(१) सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक *अनुसूची–१* बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(२) कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकहरुले अनुसूची–२ बमोजिमको आवेदन, अनुसूचि-३ बमोजिमको व्यवसाय योजना, अनुसूची-४ बमोजिम लागत साझेदारी प्रतिबद्धता पत्र, अनुसूची-५ बमोजिमको स्वघोषणा पत्र र अन्य सान्दर्भिक कागजातहरु राखि निर्धारित समय भित्र सम्बन्धित कार्यालयमा आवेदन दर्ता गराउनु पर्नेछ ।

(३) दफा ७ को उपदफा (१) मुताविकको सूचनाका आधारमा निर्धारित समय भित्र प्रयाप्त प्रस्तावहरु दर्ता हुन नआएमा सम्बन्धित कार्यालयले म्याद थप गरेको १५ दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

(४) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

(५) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेसन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छ ।

(क) सम्बन्धित कार्यालय प्रमुखले तोकेको अधिकृत	संयोजक
(ख) तालुक माथिल्लो निकायको प्राविधिक अधिकृत प्रतिनिधि	सदस्य
(ग) सम्बन्धित कार्यालयको प्राविधिक	सदस्य
(घ) आर्थिक प्रशासन शाखा प्रमुख	सदस्य

प्रमुख सचिव

सचिव

(ङ) कार्यक्रम हेर्ने फोकल पर्सन सदस्य-सचिव

नोटः समितिले आवश्यक्ता मुताविक बढिमा ३ जना आमन्त्रण गर्न सक्नेछ।

(६) सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक *अनुसूची–१* बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

(७) कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकहरुले *अनुसूची–२* बमोजिमको आवेदन, अनुसूचि -३ बमोजिमको व्यवसाय योजना, अनुसूची-४ बमोजिम लागत साझेदारी प्रतिबद्धता पत्र, अनुसूची-५ बमोजिमको स्वघोषणा पत्र र अन्य सान्दर्भिक कागजातहरु राखि निर्धारित समय भित्र सम्बन्धित कार्यालयमा आवेदन दर्ता गराउनु पर्नेछ ।

(८) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरि अनुसूची-६ फिल्ड भेरिफिकेसन गर्न सक्नेछ । साथै आवश्यक ठानेमा समिति स्वयंले समेत सिफारिस पूर्व स्थलगत निरिक्षण गर्न सक्नेछ ।

(९) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले *अनुसूची–७* बमोजिम प्रस्तावहरुको मुल्याङ्कन गरि प्राथमिकिकरण सहितको सूचि स्वीकृतिका लागि सम्बन्धित कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।

(१०) सम्बन्धित कार्यालय प्रमुखको स्वीकृति पश्चात छनौट भएका र वैकल्पिक प्रस्तावहरुको नामावली र सम्बन्धित कार्यालयको सूचना पाटीमा सूचना टाँस गरी वा कुनै पनि संचार माध्यमबाट जानकारी गरिनेछ ।

८. सम्झौता

(१) स्विकृत प्रस्तावका आवेदकलाई सम्बन्धीत कार्यालयले *अनुसूची–९*बमोजिम सम्झौता गर्नेछ ।

(२) तोकिएको अवधि भित्र द्विपक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकसंग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

(३) द्विपक्षिय सम्झौतालाई कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

९. अनुदान प्रवाहका शर्तहरु

(१) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्थाव्यवसायीक , क्रमका लागि योग्य उद्यमी यस कार्य/निजी व्यवसायीक ,फर्म ,कम्पनी ,समिति/कृषक समुह मानिनेछन् ।

(२) विगत ३ वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र अन्तर्गतका निकाय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सोही प्रकृतिको कार्यक्रममा अनुदान प्राप्त गरेको आवेदकअनुदानको लागि योग्य हुने छैन ।

(३) निर्माण गरिने माछा पोखरी कम्तिमा हिमाल, पहाडमा २०० व.मी र तराईमा ६ कठ्ठा जग्गामा गरेको हुनुपर्नेछ ।

(४) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तिमा १० वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

प्रमुख सचिव

(५) लिजको जग्गा भएमा जग्गा धनि संग कम्तिमा १० वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(६) सडक र विद्युतको सुविधा भएको हुनु पर्नेछ ।

(७) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणीय, प्राविधिक, वित्तिय र भौगोलिक रुपले समेत उपयुक्त हुनु पर्नेछ।

(८) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(९) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असु उपर र कारवाही हुनेछ ।

(१०) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(११) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, स्थायी लेखा नम्बर प्राप्त गरेको र कार्वाहीमा कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(१२) प्रस्तावकले लागतको कम्तिमा ५० प्रतिशत लागत साझेदारी गर्ने गरेको हुनु पर्नेछ ।

(१३) अनुदानग्राहीले अनिवार्य रुपमा मत्स्य बिमा गरेको हुनु पर्नेछ ।

(१४)तलब भत्ता, तालिम, भ्रमण, गोष्ठी जस्ता चालु खर्चमा अनुदान उपलब्ध गराईने छैन ।

१०. अनुगमन तथा मूल्याङ्कनः

(१) आवश्यकता अनुसार सरोकावालाहरुबाट र भुक्तानी प्रयोजनको लागि प्राविधिक टोलीहरुबाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(२) अनुदानको उपयोग प्रगतिको अवस्था र कार्यविधि बमोजिमको शर्तहरु पालन गरेको/नगरेको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(३) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ । यसरी दिइएको निर्देशन पालन गर्नु सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको कर्तव्य हुनेछ ।

(४) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ

११. भुक्तानी प्रक्रियाः

(१) सम्बन्धित साझेदारले शूरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी नियमानुसारको विल प्राविधिकले तयार गरेको प्रतिवेदन ,विजक/निर्माण गरिने पोखरीहरुको लेआउट तथा डिजाइन र लागत इस्टिमेट तोकिएको प्राविधिक मापदण्ड - प्रतिवेदन तथा अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि कार्य सम्पन्न,अनुरुप

सचिव

प्रमुख सचिव

त सम्बन्धीत कार्यालयले स्थलगतनुरोध गरे पश्चाअ निरीक्षण गरी मनासिव ठहरेमा रनिङ्ग विलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ ।

(२) बार्षिक स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही कार्यक्रम सन्चालनका लागि प्रदान गरिने अधिकतम अनुदान रकम रु. ३०००००।००(रु. तिन लाख) प्रति हेक्टर र पुरानो पोखरी मर्मत रु.९००००।००(रु. नब्बे हजार) प्रति हेक्टरको लागत साझेदारमा हुनेछ ।

(३) सम्पन्न भएका कामहरुको अनुदान रकम साझेदारको बैंक खातामा भुक्तानी दिईने छ ।

(४) भुक्तानी गरिने रकमबाट ३(तिन) प्रतिशत कन्टिनजेन्सी वापत र नियमानुसारका अन्य सरकारी कर कट्टा गरि बाँकी रकम उपलब्ध गराईनेछ ।

(५) साझेदारले व्यहोर्ने घटिमा ५०%साझेदारी रकममा जग्गा र चालु खर्च वापतको रकम समावेश हुनेछैन ।

(६) अन्तिम भुक्तानीका लागि आवश्यक विल/विजक, प्राविधिकले तयार गरेको प्राविधिक प्रतिवेदन र सम्बन्धीत कार्यालय वा प्राविधिकको स्थलगत निरीक्षण प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(७) अनुदानग्राहीले कार्य सम्पन भए पश्चात सम्बन्धित सरोकारवालाहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानीका समयमा कार्य सम्पन्न प्रतिवेदन सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

परिच्छेद ३

विविध

१२. आर्थिक प्रशासन सेवा

कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ बमोजिम हुनेछ ।

१३. प्रचलित कानून लागु हुने

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१४. बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन)

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

अनुसुची–१

मत्स्य उत्पादन कार्यक्रम प्रस्ताव आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०७५/.../....

प्रदेश सरकार .... मन्त्रालय/ निर्देशनालय/ विज्ञ केन्द्रको आ.व. २०७५/.... को स्वीकृत वार्षिक कार्यक्रम मुताविक देहायको कार्यक्रम सन्चालनका लागि "सम्बन्धित कार्यक्रम सन्चालन निर्देशिका/कार्यविधि २०७५" ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र ....मा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ । थप जानकारीका लागि .... फोन नं. .... मा सम्पर्क राख्न वा .... वेभसाईट बाट मत्स्य उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५" डाउनलोड गर्न सकिने छ ।

कार्यक्रम विवरण

क्र.सं.	कार्यक्रमको नाम	संख्या	अधिकतम साझेदारी रकम रु.	प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

अनुसूची–२

आवेदन

श्री.............................

....

विषय : प्रस्ताव पेश गरिएको बारे ।

तहाँ मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रको मिति .... को .... पत्रिकामा प्रकाशित सूचना मुताविक म निवेदकले लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक कार्वाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको

दस्तखत

मिति :

सम्पर्क नं.

प्रस्तावकको नाम र थर :

स्थायी ठेगाना :

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम सन्चालन हुने स्थानको पूरा ठेगाना :

संलग्न कागजातहरुको सूची

क्र.सं.	संलग्न कागजातहरुको विवरण	संख्या
१		
२		
३		
४		
५		
६		
७		
८		

प्रमुख सचिव

अनुसुची ३

मत्स्य उत्पादन कार्यक्रमका लागि पेश गर्ने कार्य योजना

१. कृषक/व्यवसायी/निजीफार्म/समुह/सहकारी/कम्पनीको नाम:	
२. ठेगाना:	३. लिङ्ग:
४. परियोजनाको क्षेत्रफल:	५. परियोजना स्थल:
६. शैक्षिक योग्यता:	
७. मत्स्य व्यवसाय सम्बन्धी तालिम लिएको भए:	
क. तालिम लिएको बर्ष:	ख. अवधि .... देखी .... सम्म
ग. तालिम प्रदान गर्ने संस्था:	

८. पोखरी निर्माणको बिवरण:

पोखरीको किसिम	संख्या	जलाशय क्षेत्रफल (हे.)	अनुमानित लागत (रु.)
जम्मा			

९. अन्य सुबिधा र बिकास

बिवरण	संख्या	क्षेत्रफल (हे.)	साइज (ल.×चौ)	क्षमता	अनुमानित लागत (रु.)
बंगुर/हाँस/कुखुरा/गाईबस्तुको खोर/गोठ					
भवनहरु: कार्यालय, दानाघर, स्टोर आदि					
जाल खरिद					
एरिएटर खरिद तथा जडान					
पेलेट मेशिन खरिद					
सवारी साधन					
फिडर मेशिन खरिद					
बोरिङ/पम्पसेट/मोटर					

१०. संलग्न हुने जनशक्ती बिवरण:

बिवरण	संख्या	योग्यता	खर्च हुने रकम (रु.)
सुरक्षा			

फार्म ब्यवस्थापन			
प्राबिधिक रेखदेख			
अन्य			

११. उत्पादन अनुमानः

बिवरण	इकाई	परिमाण	बिक्री दर (रु.)	अनुमानित आय (रु.)
खाने माछा				
भुरा माछा				
तरकारी, फलफुल				
पशुजन्य पदार्थ				
अन्य				
जम्मा				

१२. डिलको उपयोगः

बिवरण	क्षेत्रफल
संरचना निर्माण	
घाँस खेती	
तरकारी, फलफुल खेती	
अन्य	
जम्मा	

१३. अन्य नयाँ सोंच केही भए उल्लेख गर्नुहोसः

....
....
....
....
....
....

प्रस्तावकको

नाम थरः

ठेगानाः

दस्तखतः

मितिः

संस्थाको छाप (संस्थाको हकमा)

सम्पर्क नं.

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

प्रमुख सचिव

अनुसूची–४

लागत साझेदारीको प्रतिबद्धता

प्रदेश सरकार .... मन्त्रालय/निर्देशनालय/कार्यालय .... को मिति .... को .... मा प्रकाशित सूचना अनुसार .... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ....नं. वडा .... गाउँ/टोल स्थायी ठेगाना भएको श्री .... ले लागत साझेदारीमा .... कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कूल लागत रु. .... को .... प्रतिशतले हुन आउने रु. .... अक्षरुपी..................... बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

बायाँ	दायाँ

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

अनुसूची-५

समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

प्रदेश सरकार .... मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र .... को मिति .... को .... मा प्रकाशित सूचना अनुसार .... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ....नं. वडा .... गाउँ/टोल स्थायी ठेगाना भएको श्री .... ले लागत साझेदारीमा .... कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना संग मेल खाने कार्यका लागि बिगत ३ बर्ष भित्र संघिय सरकार वा प्रदेश मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रबाट अनुदान नलिएको स्वघोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

बायाँ	*दायाँ*

<u>निवेदकको</u>

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

अनुसूची–६

स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

(क) सामान्य जानकारी

१. जिल्ला:

२. आवेदकको नाम:

३. स्थायी ठेगाना:

४. प्रस्तावित कार्यक्रमको नाम:

५. कार्यक्रम संचालन स्थलको ठेगाना:

६. स्थलगत प्रमाणिकरण मिति:

७. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण:

क.सं.	पदाधिकारीहरुको नाम	पद	सहि

(ख) आवेदकको मूल्याङ्कन

क.सं.	मूल्याकङ्कनका सूचकहरु	प्रमाणिकरणमा भेटिएको अवस्था र भार	प्राप्ताङ्क
१	भौतिक क्षमता	३०	
१.१	कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन		
१.२	प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन		
१.३	भविष्यमा विस्तारका लागि जग्गा उपब्ध हुनसक्ने संभावना छ/छैन		
१.४	बाढी पहिरोले क्षति नपुग्ने अवस्था छ/छैन		

सचिव

प्रमुख सचिव

क.सं.	मूल्याकङ्कनका सूचकहरु	प्रमाणिकरणमा भेटिएको अवस्था र भार	प्राप्ताङ्क
१.५	कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ/छैन		
१.६	भौगोलिक हिसावले उक्त स्थानमा प्रस्थावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन		
२	*प्राविधिक क्षमता*	१५	
२.१	प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन		
२.२	आवश्यक प्राविधिक सेवा टेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन		
२.३	आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन		
३	*वित्तिय क्षमता*	१५	
३.१	आवेदकलागत साझेदारी गर्न सक्नेआर्थिक अवस्थामा छ/छैन		
३.२	बैंक मौजदात वा संचालित कारोवारको वचत छ/छैन		
३.३	आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन		
४	*वातावरणीय उपयुक्तता*	१०	
४.१	प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध नहुने अवस्था छ/छैन		
४.२	प्रस्तावित कार्यक्रमले वातावरणम नकारात्मक असर नपुग्ने अवस्था छ/छैन		
५	*अन्य पक्षहरु*	२०	
५.१	संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन		
५.२	दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन		
५.३	आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन		
५.४	उत्पादित वस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन		
६	स्थलगत टोलीको राय	१०	
६.१	आवेदक संग लागत साझेदारी गर्न उपयुक्त छ/छैन		
	जम्मा	१००	

नोट : उपरोक्तानुसार स्थलगत प्रमाणिकरणका दौरान सकारात्मक अवस्था भेटीए ५ अङ्क र नकारात्मक अवस्था भेटिए ० अङ्क प्रदान गर्दा कूल ४० अङ्क प्राप्त गर्न सफल प्रस्तावहरुको प्राथमिकिकरण गरिने छ ।

मुख्य सचिव

अन्यथा ४० भन्दा कम अङ्क प्राप्त गरेका प्रस्तावहरु छनौटका लागि प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गरिने छैन ।

(ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, ठूला मेशिनरी र उपकरणहरुको विवरण

क्र.सं.	विवरण	परिमाण	अवस्था

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने

१.

२.

३.

(ङ) स्थलगत प्रमाणिकरण टोलको राय

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

क्र.सं.	स्थलगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम	हुन्छ/हुँदैन	दस्तखत

प्रमुख सचिव

अनुसूची–७

व्यवसाय योजना मूल्याङ्कनका आधारहरु

क.सं.	मूल्यांकनका आधारहरु	भार (प्रतिशत)	प्राप्ताङ्क
१	**संस्थाको उमेर र अनुभव**	१०	
१.१	३ वर्ष भन्दा घटी	२	
१.२	३ देखि ५ वर्ष सम्म	३	
१.३	६ देखि ८ वर्ष सम्म	४	
१.४	९ देखि ११ वर्ष	५	
१.५	१२ भन्दा बढी	१०	
२	**कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था**	२०	
२.१	सडक सुविधा भएको	४	
२.२	विजुलीको सुविधा भएको	२	
२.३	खानेपानीको सुविधा भएको	२	
२.४	जग्गा आफ्नै भएको	८	
२.५	आफ्नै स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको	४	
३	**प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरुको)**	१०	
३.१	७ दिन अवधि सम्मको तालिम	२	
३.२	७ देखि १५ दिन अवधि सम्मको तालिम	४	
३.३	१६ देखि ३० दिन अवधि सम्मको तालिम	६	
३.४	१ महिना देखि ३ महिना अवधि सम्मको तालिम	८	
३.५	३ महिना भन्दा बढी अवधिको तालिम	१०	
४	**वित्तिय क्षमता**	४	
४.१	साझेदारीको प्रतिबद्धता सामेल भएको	२	
४.२	अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको	२	
५	**प्रत्यक्ष लाभाविन्वत संख्या**	५	
५.१	५ जना सम्म	१	
५.२	५ देखि १० जना सम्म	२	
५.३	११ देखि १५ जना सम्म	३	

प्रमुख सचिव

क.सं.	मूल्यांकनका आधारहरु	भार (प्रतिशत)	प्राप्ताङ्क
५.४	१६ देखि २० जना सम्म	४	
५.५	२१ देखि २५ जना सम्म	५	
६	**वातावरणिय उपयुक्तता**	६	
६.१	प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन गरिएको	३	
६.२	वातावरणिय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको	३	
७	**अन्य पक्षहरु**	२०	
७.१	विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको	५	
७.२	संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम संचालन स्थल विचको तादात्म्यता	५	
७.३	प्रमुख सञ्चालकको उमेर (४५ वर्ष वा कम उमेरको लागी पूर्णांक, ४६ देखि ५५ को लागी ३ अंक, ५६ देखि ६५ को लागी १ अंक र सो भन्दा बढीलाइ शून्य अंक)	५	
७.४	भइरहेको व्यवसाय नभइ लगानी गर्न खोजिएको नया व्यवसाय	५	
८	**स्विकृत कार्यविधीका अनुसारका थप आधारहरु**	२५	
८.१	आवेदक संस्थाको किसिम र सूचना मूताविक सम्बन्धित कार्यालयको प्राथमिकता	५	
८.२	आर्थिक प्रस्तावको गुणस्तर	५	
८.३	प्राविधिक प्रस्तावको गुणस्तर	५	
८.४	व्यावसायिक कार्य योजनाको स्पष्टता	५	
८.५	कार्याविधिको फर्मेट अनुसार	२	
८.६	कार्ययोजनाको विवरण	३	
९	**मुनाफा र शमविन्दुको आधारमा उपयुक्तता र दिगोपन**	५	
१०	**पेश भएका विवरणहरुको विश्वसनियता**	५	
१०.१	भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको शिफारिस	१	
१०.२	स्थानिय बासिन्दावाट विरोध नहुने प्रतिबद्धता	२	
१०.४	लेखा परिक्षण प्रतिवेदन	१	
१०.५	आधिकारिक निकायमा दर्ता नविकरण	१	
	जम्मा	१००	

नोटः उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।

प्रमुख सचिव

अनुसूची–८

मत्स्य उत्पादन कार्यक्रम कार्यान्वयन द्विपक्षिय सम्झौता-पत्र

प्रदेश सरकार, ...मन्त्रालय/ निर्देशनालय/ विज्ञकेन्द्र .... को आ.व...........को स्वीकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा मत्स्य ह्याचरी निर्माण एवं व्यवस्थापन कार्यक्रम संचालन गर्नका लागि मिति .... गते .... पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस मन्त्रालय/ निर्देशनालय/विज्ञ केन्द्रको मिति ....को..........स्तरिय निर्णयबाट श्री ....को प्रस्ताव छनौट भएको हुँदा ....*(यस पछि प्रथम पक्ष भनिने)* र श्री ....*(यस पछि दोश्रो पक्ष भनिने)* का बीच तपसिल बमोजिमका शर्तहरु पालना गरीकार्यक्रम सन्चालन गर्न मन्जुरभै यो द्विपक्षियसम्झौता गरिदियौं/लियौं । इति सम्वत .... साल .... महिना .... गते .... रोज शुभम् ।

तपसिल

(१) मत्स्य उत्पादन कार्यक्रम कार्यक्रम.......... .जिल्ला.........महा/उपमहा/नगर/गाउँपालिका .... नं . वडाको ....गाउँ/टोलमा मिति ....सम्ममा सम्पन्न गरिनेछ ।

(२) प्रथम पक्षले मत्स्य उत्पादन कार्यक्रम कार्यक्रम संचालनको लागि दोश्रो पक्षले पेश गरेको व्यवसाय योजना मुताविक निम्न बमोजिमका कृयाकलापहरुका लागि अनुदान उपलब्ध गराउने छ ।

क.स.	*कृयाकलाप विवरण*	*अनुमानित लागत रु.*	*प्रथम पक्षले व्यहोर्ने रु.*	*दोश्रो पक्षले व्यहोर्ने रु.*
जम्मा				
अक्षरुपी				

(३) प्रथम पक्षले प्रदानगर्ने अनुदान रकमबाट ३ प्रतिशत कन्टिजेन्सी वापत र नियमानुसारका अन्य (तिन) करकट्टा गरी बाँकी रकम दोश्रो पक्षको बैङ्क खातामा भुक्तानी दिने छ ।

(४) दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव मुताविकको डिजाईन र लागत ईष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

(५) कार्यक्रम कार्यान्वयनका लगि आवश्यक निर्माण सम्बन्धि डिजाईन ,रनिङ्ग विल ,सुपरभिजन ,मेटईष्टी ,ढुवानी ,खरिद ,अन्तिम विल र कार्य सम्पन प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(६) दोश्रो पक्षले सुरुमा आफ्नो लगानीबाट कार्य सुरवात गरि सम्पन्न भएको कामको मान्यता प्राप्त प्राविधिकले तयार गरेको नियमानुसारको भ्याट बिल प्रतिवेदन र अन्य आवश्यक कागजात कार्य सम्पन्न ,

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

त स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे बढीमासहित भुक्तानीका लागि पेश गरे पाश्चा एकै किस्तामा अनुदान रकम भुक्तानी प्रथम पक्षले गर्नेछ ।

(७) व्यावसायलाई सम्भावित जोखिमबाट बचाउन दोस्रो पक्षले व्यबसायको अनिवार्य रुपमा बीमा गर्नु पर्नेछ ।

(८) प्रथम पक्षले कुनैपनि समयमा संचालित कार्यको अनुगमननिरिक्षण गरी सम्झौता मुताविक कार्य / नभएको अनुगमन गर्न/भएर आवश्यक सुझाव दिन सक्नेछ ।

(९) कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालनजोखिम र ,व्यवस्थापन ,मर्मत सम्भार , दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

(१०) दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नामठेगाना तथा , पर्नेछ । गरी राख्नुसहयोगी निकायको नाम र अनुदान रकम उल्लेखि होडिङ्ग बोर्ड सबैले देख्ने

(११) दोश्रो पक्षले नियमित रुपमा उपलब्धी एव ,कार्यक्रमको प्रगति (कम्तिमा चौमासिक अवधिको)ं कारोवार सम्बन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(१२) कार्यक्रम संचालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

(१३) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यस कार्यविधिप्रचलित कानून र , दुवै पक्षको सहमति अनुसार हुनेछ ।

(१४) दोश्रो पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

नोट : द्विपक्षिय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ ।

प्रथम पक्षको तर्फबाट	दोश्रो पक्षको तर्फबाट
हस्ताक्षर :	हस्ताक्षर :
नाम :	नाम :
पद :	पद :

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश सरकार प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

अनुसूची–९

प्रस्तावका साथ संलग्न हुनु पर्ने कागजातहरु

(१) रु .१० टाँसेको अनुसूची–२ बमोजिमको आवेदन ।

(२) अनुसूची–३ बमोजिम ढाँचामा तयार गरिएको व्यवसाय योजना ।

(३) अनुसूची–४ बमोजिमको प्रतिबद्धता पत्र ।

(४) अनुसूची–५ बमोजिमको स्वघोषणा ।

(५) अनुसूची–६ बमोजिम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र ।

(६) कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी ।

(७) लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको करारनामा वा सम्झौता पत्र ।

(८) प्रचलित कानून बमोजिम अधिकारिक निकायमा संस्था/फर्म/व्यावसाय दर्ता ,नविकरण गरेको प्रतिलिपि) स्थानिय तह बाहेक (।

(९) मूल्य अभिबृद्धी कर **(VAT)** वा स्थायी लेखा नम्बर **(PAN)** दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

(१०) सहकारी/साझेदारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी ।

(११) अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रतिलिपी ।

(१२) व्यवसाय योजना मुताविकको डिजाइन र लागत अनुमान ।

(१३) कार्यान्वयन स्थलको फोटो ।

(१४) स्थानिय बासिन्दाबाट विरोध नहुने प्रमाण ।

(१५) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी

(१६) प्रस्तावकको वित्तिय क्षमता प्रमाणित गर्ने कागजात) वैंक ग्यारेन्टी ,टर्नओभर ,बैंक व्यालेन्स (आदि ।

प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

सचिव